जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २५३ २०७९ साल बैशाख २९ गते बिहीबार (12 May 2022 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मतदाता शिक्षा : लोकदोहोरीदेखि.. ३ पृष्ठमा : अंकिता सिंहको पहिलो एकल ... ३ पृष्ठमायुक्रेनमा रहेको रुसको..

## मनिषाको रहस्यमय मृत्यु
## माइती पक्षद्वारा हत्या भएको दाबी



मृतक मनिषा कुमारी साह

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ११ निवासी १९ वर्षिया मनिषा कुमारी साह बुधबार आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन् ।

ससुराली पक्षले सामान्य घरायसी तनावमा आवेशमा आई आत्महत्या गरेको बताएपनि माइती पक्षले हत्या भएको दाबी गरेका छन् । मृतक मनिषाको दुई महिनाको बच्चा पनि छ ।

माइती पक्षले घटना सुनियोजित भएको भन्दै उच्चस्तरिय छानबिनको माग समेत गरेका छन् । बुधबार नै माइती पक्षले मृतक मनिषाका पति २३ वर्षिय विकास पण्डित, ५२ वर्षिया सासु ललितादेवी पण्डित र ५४ वर्षिय ससुरा हरिदेव पण्डित बिरुद्ध जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिँदै घटनाको सत्यतथ्य छानबिन र दोषिमाथी कारवाहीको माग गरेका छन् ।

मृतककी आमा ललितादेवी साहले घटनास्थलको अवस्था र छोरी मनिषाको शरीरको विभिन्न भागमा देखिएको चोटपटकको निसानले त्यो आत्महत्या नभई हत्या भएको दाबी गरिन् ।

सप्तरीको रुपनी गाउँपालिका ३ माइती भएकी मनिषाको दुई वर्षअघि विकास पण्डितसँग प्रेम विवाह भएको थियो । राजविराजस्थित एक कलेजमा पढ्दै गर्दा दुबैबीच गहिरो प्रेम सम्बन्ध स्थापित भएपछि दुबै जना भागि प्रेम विवाह गरेका थिए ।

मनिषाकी आमा ललिताले उक्त प्रेम विवाहबाट विकासका अभिभावक असन्तुष्ट रहेको तथा पटक पटक छोरीलाई शारीरिक र मानसिक यातना दिन थालिएको बताउँदै पछिल्लो दुई महिना यता छोरीसँग फोनमा समेत कुराकानी गर्न नदिइएको ससुराली पक्षमाथी आरोप लगाइन् ।

उनले न्यायका लागि पहल गरिदिन संचारकर्मी र अधिकारकर्मीसँग आग्रह समेत गरेकी छिन् । यता मृतक मनिषाका ससुरा हरिदेव पण्डितले उक्त आरोप निराधार भएको दाबी गरेका छन् ।

जिल्लाका प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले घटनाको सुक्ष्म अनुसन्धान थालिएको बताउँदै मृतकको पोष्टमार्टम प्रतिवेदन र घटनाको अन्य पाटोको भइरहेको अनुसन्धान प्रक्रिया सकिएपछि सबै सत्यतथ्य बाहिर ल्याउने जनाए ।

## सप्तरीमा एक मतदानस्थल परिवर्तन

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

सप्तरी जिल्लामा बुधबार एउटा मतदानस्थल परिवर्तन गरिएको छ । जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार चार मतदान केन्द्र रहेको विष्णुपुर गाउँपालिकास्थित जमुनी मधेपुराबाट मतदानस्थल परिवर्तन गरिएको हो ।

पहिले तोकिएको मतदानस्थलमा स्थान अभावका कारण मतदान गर्न ज्यादै असहज हुने भएकाले निर्वाचन अधिकृतको कार्यालयमा बसेको सर्वदलीय बैठकले नयाँ स्थल कायम गरेको निर्वाचन अधिकृत यादवप्रसाद न्यौपाने जानकारी दिए ।

सो मतदानस्थललाई शारदा मावि जमुनी मधेपुरामा सारिएको जिल्ला निर्वाचन अधिकारी रमेश जोशीले जानकारी दिएका छन् । उनले पुरानो ठाउँबाट उक्त मतदानस्थल एक सय मिटरको दूरीमा रहेको बताए ।

## सप्तरीमा पाँच हजार ५ सय २४ जना चुनावी प्रतिस्पर्धामा

**दैनिक समाचारदाता**
**राजविराज, २८ वैशाख ।**

बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि सप्तरी जिल्लामा पाँच हजार ५ सय २४ जना चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

जिल्लामा पाँच हजार ६१९ जनाको मनोनयन दर्ता भएकोमा २२ जनाको उम्मेदवारी रद्द र ७३ जनाले मनोनयन फिर्ता लिएका थिए ।

राजविराज नगरपालिकामा १६ वटा वडामा ६ सय ३९ जना चुनावी मैदानमा छन् । जिल्लाको ९ वटा नगरपालिकाको प्रमुखमा ९३ जना र उपप्रमुखमा ६९ जना चुनावी प्रतिष्पर्धामा छन् ।

यसैगरी जिल्लाका ९ वटा गाउँपालिकाको अध्यक्षमा १०२ र उपाध्यक्षमा ८० जना चुनावी रणभूमीमा उत्रेका छन् । त्यस्तै

*बाँकी तीन पृष्ठमा*

## विशेष सुरक्षा योजना लागु



**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनलाई भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न स्थानिय प्रशासनले निर्वाचन सुरक्षा केन्द्रित विशेष सुरक्षा योजना लागु गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले बुधबार एक सूचना जारि गर्दै निर्वाचनलाई भयरहित वातवरणमा सम्पन्न गर्न निर्वाचन केन्द्रित विशेष सुरक्षा योजना लागु गरेको जनाएको छ ।

स्थानिय तहको निर्वाचनमा सप्तरी जिल्लामा २ सय ९७ मतदान स्थल र ५ सय ३६ वटा मतदान केन्द्र तोकिएको छ । उक्त सबै स्थानमा निर्वाचन कार्यालयबाट खटाइएका कर्मचारी र नेपाल प्रहरी निर्वाचन सम्बन्धी सामाग्रिका साथ परिचालन भई आवश्यक सुरक्षा र अन्य व्यवस्था मिलाइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

मतदान स्थलमा कुनै पनि अमर्यादित र अशान्ति मच्चयाउने प्रयास भए त्यस्तो कार्यम संलग्नलाई आवश्यकता अनुसार बल प्रयोग गरि नियन्त्रणमा लिई आवश्यक कानुनी कारवाही गरिने उनको भनाई छ ।

स्थानीय तहको निर्वाचनका लागि जिल्लामा २९७ मतदानस्थल निर्धारण गरिएकोमा २०८ अतिसंवेदनशील, ८५ संवेदनशील र चार मतदानस्थल सामान्य रहेको छ । जिल्लाको नौ नगरपालिका र नौ गाउँपालिकाको २९७ मतदानस्थलमा व्यवस्था गरिएको ५३६ मतदान केन्द्रका लागि ५३६ मतदान अधिकृत र यतिकै सङ्ख्यामा सहायक मतदान अधिकृत खटिएका छन् ।

मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीहरू मतपत्र, मतपेटिकालगायत निर्वाचन सामग्री लिएर आ-आफ्नो मतदान केन्द्रमा पुगिसकेको मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले जानकारी दिए ।

## राजविराजमा सबै भन्दा बढी तथा बलानबिहुलमा सबै भन्दा कम मतदाता

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनमा सप्तरी जिल्लाको सदरमुकाम राजविराजमा सबै भन्दा बढी तथा जिल्लाको बलानबिहुल गाउँपालिकामा सबै भन्दा कम मतदाता रहेका छन् ।

यस पटकको निर्वाचनमा जिल्लामा २ लाख १३ हजार ८ सय ९२ पुरुष, १ लाख ९८ हजार ५ सय ३२ महिला र अन्य २१ गरि कुल मतदाता संख्या ४ लाख १२ हजार ४ सय ४५ रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

सो कार्यालय अनुसार राजविराज नगरपालिकामा २१ हजार १ सय ७० पुरुष, १८ हजार ५ सय २० महिला र २ अन्य गरि ३९ हजार ६ सय ९२ मतदाता रहेका छन् ।

त्यस्तै सबैभन्दा कम बलानबिहुल गाउँपालिकामा ७ हजार ६ सय २० पुरुष र ६ हजार ७ सय ९८ महिला गरि १४ हजार ४ सय १८ मतदाता रहेका छन् ।

जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा ९ हजार ३ सय १० पुरुष, ९ हजार ६ सय २३ महिलार ४ अन्य गरि १९ हजार ९ सय ३७, कंचनरुप नगरपालिकामा १७ हजार ८ सय ७२ पुरुष, १७ हजार ४ सय ३३ महिला र ४ अन्य गरि ३५ हजार ३ सय ९, खडक नगरपालिकामा १५ हजार ३ सय ९ पुरुष, १५ हजार ७ सय २३ महिला र ४ अन्य गरि ३१ हजार ३६, छिन्नमस्ता गाउँपालिकामा ९ हजार ५ सय ८१ पुरुष र ८ हजार १ सय ७६ महिला गरि १७ हजार ७ सय ५७, डाक्नेश्वरी नगरपालिकामा १५ हजार २३ पुरुष र १३ हजार ४ सय १२ महिला गरि २८ हजार ४ सय ३५, तिरहुत गाउँपालिकामा ७ हजार ७ सय ४० पुरुष र ६ हजार ९ सय १४ महिला गरि १४ हजार ६ सय ५४ मतदाता रहेका छन् ।

त्यस्तै तिलाठी कोइलाडी गाउँपालिकामा १० हजार ५ सय ५१ पुरुष र ९ हजार ९० महिला गरि १९ हजार ६ सय ४१, बोदे बरसाइन नगरपालिकामा १द्ध हजार ३ सय ९९ पुरुष र १३ हजार २ सय ५६ महिला गरि २७ हजार ६ सय ५५, महादेवा गाउँपालिकामा ८ हजार ९ सय ३६ पुरुष र ७ हजार ९ सय १४ महिला गरि १६ हजार ८ सय ५०, राजगढ गाउँपालिकामा ९ हजार ९ सय १६ पुरुष र ८ हजार ६ सय ४४ महिला गरि १८ हजार ५ सय ६०, रुपनी गाउँपालिकामा ९ हजार ४ सय ८५ पुरुष, ८ हजार ६ सय ७९ महिला र एक अन्य गरि १८ हजार १ सय ६५, विष्णुपुर गाउँपालिकामा ८ हजार ८५ पुरुष, ६ हजार ९ सय ८१ महिला र एक अन्य गरि १५ हजार ६७, शम्भुनाथ नगरपालिकामा ११ हजार ८ सय ४९ पुरुष, १२ हजार १० महिला र ४ अन्य गरि २३ हजार ८ सय ६३, सप्तकोशी नगरपालिकामा ७ हजार ६ सय ५९ पुरुष र ७ हजार ८ सय २ महिला गरि १५ हजार ४ सय ६१, सुरुङ्गा नगरपालिकामा १४ हजार ५ सय ४९ पुरुष, १४ हजार ९ सय ६० महिला र एक अन्य गरि २९ हजार ५ सय १० तथा हनुमाननगर कंकालिनी नगरपालिकामा १४ हजार ८ सय ३८ पुरुष र १२ हजार ५ सय ९७ महिला गरि २७ हजार ४ सय ३५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

## सम्पादकीय

# मताधिकार प्रयोग गर्न अब एक दिन बाँकी

अहिले मुलुक निर्वाचनमय बनेको छ । स्थानिय तह निर्वाचन २०७९ आउन अब एक दिन मात्र बाँकी रहेको छ । वैशाख ३० गते शुक्रबारका दिन तय भएको निर्वाचनको मिति भन्दा ४८ घण्टा अघि मौन अवधी सुरु भइसकेको छ । यस समयमा उम्मेदवारहरु गोप्य बैठक बसी आफ्नो चुनावी रणनीति बनाउन जुटेका छन् । मुलुकमा संघीयता आएपछि यो दोश्रो स्थानिय तहको निर्वाचन हुन गइरहेको छ । पहिलो पटक भएको निर्वाचनबाट निर्वाचित अधिकांश उम्मेदवारहरु अहिले दोश्रो पटक पनि उम्मेदवार बनेका छन् ।

यसरी जनताले पुनः एक पटक आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछन् । योग्य, कर्मठ, विकासप्रेमी र इमान्दार जनप्रतिनिधिलाई रोज्न अहिले मतदाता आतुर छन् । तसर्थ शुक्रबार बिहान ७ बजेदेखी बेलुका ५ बजेसम्म आफ्नो मताधिकार प्रयोग गर्न कोही जनता नछुटौं । आफ्नो सम्पूर्ण कार्य छोडेर सबैभन्दा पहिले मत खासाल्न सम्पूर्ण मतदाता उत्प्रेरित हुनु आवश्यक छ ।

# मतदाता शिक्षा : लोकदोहोरीदेखि भजनसम्म

काठमाडौँ, २८ वैशाख (रासस) ।

"पहिला पहिला निर्वाचन आयोगले मत दिने स्थानहरूमै टोली खटाएर मतदाता शिक्षा दिने गर्दथ्यो ? यस पटक त्यस्तो टोली आउँदैन ?" आयोगको कान्तिपथस्थित कार्यालयमा सञ्चालित पैसा नलाग्ने कल सेन्टर–११०२ मा अहिले दैनिक यस प्रकारका धेरै जिज्ञाशा आउने गरेका छन् ।

यस पटक आयोगले कम खर्च र स्मार्टरूपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेका कारण स्थानीय तहमा यसका लागि घरदैलोमा टोली पठाएको छैन । त्यसरी टोली नजाँदा बदर मत बढ्ने त होइन ? भन्ने प्रश्न पनि उत्पन्न भएका बेला निर्वाचन आयोगले श्रव्यदृष्य सामग्री र विभिन्न सन्देश तयार गरेर आयोगको आफ्नै फेसबुक, युट्युब, ट्वीटर, भाइबरमा नियमित प्रसारण गरिरहेको छ । आयोगले विशिष्ट व्यक्ति, लोकप्रिय कलाकार र व्यक्तित्वहरूलाई समेटेर निर्वाचनको महत्व, आचारसंहिताका व्यवस्थाका विषयका आधारमा सन्देश तयार गरेको छ ।

जोगीले फेरि लगाउने शैलीमा मनोज गजुरेल, पुराणवाचक दिनबन्धु पोखरेलको पुराण वाचनको क्यारिकेचरमा कलाकार सुवोध गौतमले मतदातालाई स्थानीय तह निर्वाचनबारे सरलरूपमा बुझाउने सन्देश पस्कनुभएको छ । यस्तै वरिष्ठ कलाकारहरू मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, कलाकारहरू सीताराम कट्टेल र कुन्जना घिमिरे, (धुर्मुस–सुन्तली), केदार घिमिरे (माग्ने बुढा), दीपकराज गिरी, दिपाश्री निरौलालगायत, दमन रुपाखेतीका प्रस्तुतिका साथै गायकहरू पशुपति शर्मा र मनमाया वाइवाको लोकदोहोरी पनि मततदाता शिक्षा सन्देशका रूपमा प्रयोग गरिएको छ ।

निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले ती सन्देशलाई १६ राष्ट्रिय दैनिक र २८ टेलिभिजन (रेडियो नेपाल, नेपाल टेलिभिजनसहित) बाट पनि प्रसारण भइरहेको छ । निर्वाचन तथा मतदाता शिक्षा नीति, २०७८ र निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले आयोगले ब्रोसर, लिफ्टलेट, पर्चा, पम्प्लेट, नमूना मतपत्र, पोष्टरलगायतका सामग्री छपाई गरेर वितरण पनि गरिसकेको र कसरी मतदात गर्न सकिन्छ भन्ने सही तरिकाबारे बुँदागत सर्कुलर पनि गरिसकेको बताउनुभयो । "हामी कागजी प्रकारको शिक्षाभन्दा यस पटक भर्चुअल माध्यमको शिक्षामा केन्द्रित भएका छौँ । यसमा दल, उम्मेदवार र नागरिक समाजको पनि सक्रिय भूमिका हुन आवश्यक छ ।" आयोगमा मतदाता शिक्षासमेत हेर्ने आयुक्त डा तुलाधरले भन्नुभयो, "कुनै पनि मतदाता सचेतनतापूर्वक मतदान गर्न पाउने अधिकारबाट वञ्चित नहोस् भन्ने आयोगको मनसाय रहेको छ । हरेक रुचिका मतदातालाई सम्बोधन गर्ने गरी विविध सामग्री तयार गरेर प्रवाह गरेका छौँ ।

"आयोगले ७७जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालय, ६७६ निर्वाचन अधिकृतको कार्यालय, सात प्रदेशका प्रदेश निर्वाचन कार्यालय, ७० जिल्ला जिल्ला निर्वाचन कार्यालयलाई पत्राचार गरी सो निर्देशन दिएको छ । निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका तथा स्थानीय तह निर्वाचन निर्देशिकामा मतदानस्थलमा मतदाता सूचना कक्षको माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था भएकोमा मतदानको दिन (वैशाख ३० गते) उक्त कार्यक्रम नगरी मतदानको अघिल्ला दुई दिन (वैशाख २८ र २९ गते) मतदान स्थलहरूमा सम्बन्धित मतदान अधिकृतहरूको नेतृत्वमा खटिने मतदान टोलीबाट आयोगले उपलब्ध गराएका मतदाता परिचयपत्रको वितरण गर्ने र आयोगले उपलब्ध गराएका नमूना मतपत्र लगायतका पोष्टर, ब्रोसर आदि छपाई सामग्रीको माध्यम मतदान गर्ने सही तरिका बुझाउन आग्रह गरिएको छ ।

निर्देशनमा मतदान अधिकृतको नेतृत्वमा खटिएको मतदान कार्यटोली मतदानस्थलमा पुगेपछि वैशाख २८ र २९ गतेका दिन सबै मतदातालाई मतदान गर्ने तरिका र मतदाता शिक्षाको लागि उपस्थित हुन सूचना दिने र यस कार्यको लागि आवश्यकता अनुसार सर्वदलीय सर्वपक्षीय सहयोग लिने, मतदानस्थलमा उपस्थित मतदातालाई नमूना मतपत्र देखाएर मतदान गर्ने तरिकाको बारेमा निष्पक्ष रूपमा जानकारी दिने, मतदान गर्ने तरिका बारेमा मतदातालाई जानकारी गराउँदा कुनै पनि राजनीतिक दलको निर्वाचन चिन्हको नाम नलिने, मतदातालाई मतदाता शिक्षासम्बन्धी जानकारी दिएपछि मतदान गर्ने दिन वैशाख ३० गते शुक्रबार बिहान ७.०० देखि अपरान्ह ५ बजेभित्र मतदान गर्न आउन आग्रह गर्ने उल्लेख रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

यस्तै मतदान गर्न जाँदा मतदाताले मतदाता परिचयपत्र वा आयोगले तोकेको परिचय खुल्ने अन्य परिचयपत्र लिई जान भन्ने, मतपत्रमा स्वस्तिक छाप लगाई मतदान गर्ने तरिकाको बारेमा मतदातालाई मतपत्रमा सातवटा निर्वाचन चिन्हमा मतसङ्केत गरी मतदान गर्नुपर्ने, पहिलो ठाडो लहरमा प्रमुख वा अध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरूमध्ये एउटा चिन्हमा, दोस्रो ठाडो लहरमा उपप्रमुख वा उपाध्यक्ष पदको उम्मेदवारको

बाँकी तीन पृष्ठमा

# तीन सय बालिका १८ हजारभन्दा बढी जात संरक्षण

काठमाडौँ, २८ वैशाख (रासस) ।

नेपाल कृषि अनुसन्धान परिषद्ले कृषि जैविक विविधतालाई संरक्षण गर्न हालसम्म ३०० बालिका १८ हजारभन्दा बढी जातलाई संरक्षण गरेको छ । धान, मकै, गहुँलगायत बाली संरक्षण गरेको परिषद्ले रैथाने बालीको संरक्षण, संवर्द्धन, उपयोग तथा जातीय विकास गर्ने नीति अवलम्बन गरेको छ ।

बढ्दो खाद्यान्न तथा कृषिजन्य वस्तुको आयात र खाद्यान्न सुरक्षाका दृष्टिकोणले खाद्यान्न बालीको अनुसन्धानलाई प्राथमिकतामा राख्दै धान, मकै, गहुँ तथा आलुमा बढी उत्पादन दिने, जलवायु परिवर्तन अनकुलन, रोग, किरा अवरोधक विभिन्न नयाँ जातको बालीको विकास गरिएको परिषद्का कार्यकारी निर्देशक डा दीपक भण्डारीले जानकारी दिनुभयो ।

धान, मकै र गहुँको क्षेत्रफल क्रमशः २६ र १९ प्रतिशतले वृद्धि भएको छ भने यी बालीको उत्पादनमा क्रमशः ६०, १२० र १४० प्रतिशतले वृद्धि भएको परिषद्ले जनाएको छ । मुलुकमा खेती गहुँको कूल क्षेत्रफलमा ९४ प्रतिशत क्षेत्रफलमा परिषद्बाट विकसित भएका जात लगाउने गरिन्छ । यो जातीय परिवर्तनले मात्र मुलुकलाई करिब वार्षिक रु १७ अर्बको आर्थिक योगदान पुग्ने विश्वास गरिएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अंकिता सिंहको पहिलो एकल सांगीतिक कविता वाचन

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ बैशाख ।**

अंकिता सिंहले नेपालमा पहिलो पटक एकल सांगीतिक कविता वाचन गरेकी छिन् ।

गत बैशाख १९ गते काठमाडौंस्थित अल्फाबेटाले आयोजना गरेको उक्त कार्यक्रममा अंकिता सिंहले समाजका हरेक पुस्तालाई छुने, किशोरावस्थाको प्रेम, लामो दुरीको प्रेम सम्बन्ध, आमा र उनका छोराछोरीको सम्बन्ध, आफ्नो देशसँगको सिपाहीको सम्बन्धमा सांगितिक कविता वाचन गरेकी थिइन् ।

उनी नयाँ कविहरू माझ निकै लोकप्रिय छिन् । उनले आफ्नो सांगितिक कविता वाचन दुबई, अमेरिका, मलेसिया जस्ता विभिन्न देशहरूमा गरिसकेकी छिन् ।

उनले कविताको कलाद्वारा सबैको कल्पना शक्तिलाई जगाउने प्रख्यात कविताहरू "मै तुमको याद करता हूं", "यहीं सोफे पे बैठे, सात अम्बर घूम आती हूं" वाचन गरेकी छिन् ।




शैक्षिक परामर्शदाता अल्फाबेटाले विभिन्न अन्तर्राष्ट्रिय शैक्षिक मेलाहरू आयोजना गर्छ । कम्पनीले विगत ३१ वर्ष देखि सेवा प्रदान गर्दै आएको छ । अल्फाबेटाको दृष्टि भनेको जीवन परिवर्तन गर्ने शिक्षा कार्यक्रमको साथ विश्वव्यापी रूपमा महत्वाकांक्षी विद्यार्थीहरूलाई सेवा गर्नुका साथै तिनीहरूले क्यारियर अवसरहरू र वित्तीय पुरस्कारहरू प्रदान गर्ने उत्कृष्ट प्रतिभाहरू भर्ती, तालिम र कायम राख्ने लक्ष्य राख्दै आएको छ ।

---

### *मतदाता शिक्षा ...*

निर्वाचन चिन्हहरूमध्ये एउटा चिन्हमा, तेस्रो ठाडो लहरमा वडा अध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरूमध्ये एउटा चिन्हमा, चौथो ठाडो लहरमा महिला सदस्य पदको उम्मेदवारको निर्वाचन चिन्हहरूमध्ये एउटा चिन्हमा, पाँचौं ठाडो लहरमा दलित महिला सदस्य पदको उम्मेदवारको निर्वाचन चिन्हहरूमध्ये एउटा चिन्हमा, छैठौं र सातौं ठाडो लहरमा रहेका दुई सदस्य पदका उम्मेदवारहरूको निर्वाचन चिन्हहरूमध्ये कुनै दुई निर्वाचन चिन्हमा छुट्टाछुट्टै छाप लगाई दुई उम्मेदवारलाई मतदान गनुपर्ने आयोगले जनाएको छ ।

स्थानीय तह निर्वाचनमा विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारी निर्विरोध निर्वाचित भइसकेका छन्, भने छ वडा अध्यक्षसहित ३५ स्वतन्त्र सदस्य निर्विरोध निर्वाचित भएका छन् । यो निर्वाचनमा १० हजार ७५६ मतदानस्थलका २१ हजार ९५५ मतदान केन्द्रबाट एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले जम्मा ३५ हजार २२१ मध्ये निर्विरोध निर्वाचित भएका बाहेकका पदमा प्रतिनिधि छनोट गर्नेछन् ।

मतदान केन्द्रमा आवश्यक हुने निर्वाचन सामग्रीसहित एक लाख ९ हजार ८८ कर्मचारी र ६५ हजार ८६५स्वयंसेवक आ-आफ्नो मतदान केन्द्रमा पुगिसकेका छन् । निर्वाचनमा भाग लिने भनी दर्ता भएका ७९ वटा राजनीतिक दलहरूमध्ये जम्मा ६५ राजनीतिक दलहरू चुनावी प्रतिस्पर्धामा रहेका छन । ५५ हजार ६९८ महिला र ८९ हजार ३१३ पुरुष गरी विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत जम्मा एक लाख ४५ हजार ११ चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचनमा मतदाताले शान्तिपूर्ण वातावरणमा निर्वाधरुपले मतदान गर्ने अधिकारको सुनिश्चितताका लागि शान्ति सुरक्षाको व्यवस्था मिलाउन सरकारलगायत सम्बन्धित स्थानीय प्रशासनहरूलाई आवश्यक निर्देशन दिइसकिएको र सो बमोजिम निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइएको आयोगले जनाएको छ ।

### *सप्तरीमा पाँच हजार ...*

वडाध्यक्षमा ११९८, सदस्यमा २००९, महिला सदस्यमा १००८ र दलित महिला सदस्यमा ९६५ जना प्रतिष्पर्धामा उत्रेको निर्वाचन कार्यालय सप्तरीका जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले जानकारी दिएका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**


**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजबिराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## युक्रेनमा रहेको रुसको सम्पत्ति जफत गरिने

किभ, २८ वैशाख (रासस/सिन्ह्वा) ।

युक्रेनमा रहेको रुसको सम्पत्ति जफत गर्न{ युक्रेन सरकारले जनाएको छ ।

युक्रेनका प्रधानमन्त्री डेनिस समहालले मंगलबार युक्रेनमा रहेको रुसको सम्पत्ति जफत गरिने जानकारी दिनुभएको हो ।

उहाँले युक्रेनको मन्त्रिपरिषद\ले हालैमात्र युक्रेनमा रहेको रुसको सम्पत्ति जफत गर्ने विषयको कानुन बनाएको र सो सम्पत्ति जफत गर्ने अनुमति दिएको बताउनुभयो ।

प्रधानमन्त्री सामहालले मंगलबार भन्नुभएको छ, अब युक्रेनमा रहेका रुसका सबै प्रकारका भौतिक सम्पत्ति युक्रेन राज्यको मातहतमा आएका छन्, मंगलबारको मन्त्रिपरिषदको बैठकले सो कानुन बनाएको छ ।

युक्रेनले रुसको आक्रमणबाट ध्वस्त बनाएका संरचनाको पुनःनिर्माणका लागि एक कोषको स्थापना गरेको जनाएको छ ।

रुसको सो सबै सम्पत्ति उक्त कोषमा जम्मा हुनेगरी कानुन बनाएको उहाँले बताउनुभयो । युक्रेनका प्रधानमन्त्रीले युक्रेनले विश्वका अरु देशसँग पनि ती देशमा रहेका सम्पत्ति जफत गर्ने विषयमा पनि अनुरोध गर्ने जनाएको छ ।

सम्पत्ति ती देशले जफत गरी युक्रेनको पुनःनिर्माणसम्बन्धी कोषमा जम्मा गर्ने गरी काम गर्न अनुरोध गरिने जानकारी उहाँले दिनुभएको हो ।

## भारतमा २४ घण्टामा दुई हजार ८९७ कोरोनाका नयाँ संक्रमित

नयाँदिल्ली, २८ वैशाख (रासस/सिन्ह्वा) ।

भारत २४ घण्टाको समयावधी अर्थात मङ्गलबार मध्यरातिसम्म दुई हजार ८९७ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कूल सङ्क्रमतिको सङ्ख्या चार करोड ३१ लाख दश हजार ५६ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार बिहान जानकारी दिएको छ ।

विगत केही महिनायता न्यून बिन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनःकेही दिनयता नयाँ सङ्क्रमितको सङ्ख्या तीन हजार नाघेको थियो । यद्यपी मङ्गलबार भने केही कमी देखिएको हो । २४ घण्टाको समयावधी भएका यी नयाँ सङ्क्रमितमध्ये एक हजार ११८ राष्ट्रिय राजधानी दिल्लीका रहेका समाचारमा जनाइएको छ । हाल राजधानीमा पाँच हजार ४७१ सक्रिय सङ्क्रमित रहेका पनि थप जानकारी दिइएको छ ।

यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ५४ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २४ हजार १५७ पुगेको छ । भारतभरी अझै पनि सक्रिय सङ्क्रमित १९ हजार ४९४ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ ।

भारतमा केही महिनायताबाट सक्रिय सङ्क्रमित घट्ने क्रम जारी रहेको थियो । तर केही हप्तायताबाट सक्रिय सङ्क्रमति बढेको पाइएको छ ।

चौविस घण्टाको समयावधी अर्थात शनिबार मध्यरातिसम्म दुई हजार ९८६ कोरोना निको भएका छन् । यसैसँगै हालसम्म चार करोड २५ लाख ६६ हजार ९३५ सफलतापूर्वक कोरोना सङ्क्रमण निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन् ।

## बिल गेट्सलाई कोभिड संक्रमण पुष्टि

अमेरिका (वासिङटन), २८ वैशाख (रासस/सिन्ह्वा) ।

माइक्रोसफ्टका सहसंस्थापक बिल गेट्सले बुधबार आफूलाई कोभिड-१९ सङ्क्रमण भएको भन्दै आफ्नै निवासमा एकान्त (क्वारेन्टाइन) मा रहेको जानकारी गराउनुभएको छ ।

उहाँद्वारा ट्वीटरमा जारी सन्देशमा आफूले पूर्णमात्रा खोप लगाएको, परीक्षण र चिकित्सा उपचार लिइरहेको बताइएको छ ।

"मलाई कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ । अहिले मलाई कोभिडका हल्का लक्षण देखिएको अनुभव गर्दैछु र म फेरि स्वस्थ नभएसम्म अलग्गै रहेर विशेषज्ञको सल्लाह पालना गर्दैछु," उहाँले भन्नुभएको छ ।

"मैले बुस्टरसहित तीन वटै खोप लगाइसकेको छु । खोप लगाउन, परीक्षण तथा महान चिकित्सा उपचारको पहुँच पाएकोमा म आफूलाई भाग्यशाली ठानेको छु," उहाँले ट्वीटमा भन्नुभएको छ ।

उहाँ आफ्नो बिल एण्ड मेलिन्दा गेट्स फाउण्डेशनसँग कोभिड-१९ निदान, उपचारात्मक र खोप वितरणको विश्वव्यापी प्रयासमा सक्रिय सहभागी हुनुभएको छ । विश्वका अति धनाढ्य व्यक्ति अर्बपति बिल गेट्सले 'अर्को महामारीलाई कसरी रोक्ने' शीर्षकमा नयाँ किताब मे को सुरुतिर प्रकाशन तथा सार्वजनिक गर्ने तयारी गरिरहनुभएको बताइएको छ ।

# मतदानका दिन नियोकले ‘पर्यवेक्षण कल सेन्टर’ स्थापना गर्ने

काठमाडौँ, २८ वैशाख (रासस)।

स्थानीय तह निर्वाचन पर्यवेक्षण प्रक्रियालाई थप वैज्ञानिक, यथार्थ एवं तथ्यपरक बनाउन राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले राष्ट्रियस्तरमा ‘पर्यवेक्षण कल सेन्टर’ स्थापना गर्ने भएको छ।

मतदानका दिन स्थलगतरूपमा खटिएका पर्यवेक्षकसँग नियमित एवं प्रत्यक्ष सम्पर्क स्थापना गरी सूचना सङ्कलन र सम्प्रेषणलाई जीवन्त एवं विश्वसनीय बनाउन सेन्टर स्थापना गर्न लागिएको नियोकका अध्यक्ष प्रा कपिल श्रेष्ठले राससलाई जानकारी दिनुभयो।

कल सेन्टर सञ्चालनमा प्राविधिक विज्ञ तथा तालिम प्राप्त सूचना सङ्कलक गरी ६० देखि ६५ जनाको जनशक्ति व्यवस्था गरिने पनि नियोकले जनाएको छ। मतदानस्थलमा कुनै अप्रिय घटना भएमा सोको विवरण कल सेन्टरमा राखिएका दुईवटा नम्बरमा जानकारी गराउने व्यवस्था मिलाइएको छ। यसका लागि नियोकले ९८००८३४१४७ र ९८४१४५५५०४ गरी दुई वटा हटलाइन नम्बर उपलब्ध गराएको नियोकका महासचिव देविकानन्द तिमल्सिनाले बताउनुभयो। दुवै नम्बर वैशाख ३० गते निर्वाचनका दिन २४ सै घण्टा खुला रहने छ।

नयाँबानेश्वरको अल्फा हाउसमा सञ्चालन गरिने कल सेन्टरमा सञ्चारकर्मीका लागि मिडिया सेन्टर पनि स्थापना गरिने भएको छ। मिडिया सेन्टरमा बिहान १०:३०, अपराह्न २:३० र साँझ ७:३० बजे पर्यवेक्षणसम्बन्धी जानकारी दिन पत्रकार सम्मेलनको आयोजनासमेत गरिने भएको छ।

स्वतन्त्र, निष्पक्ष, मर्यादित, भयरहित र शान्तिपूर्ण निर्वाचन नै लोकतन्त्रको आधारशीला भएकाले स्थानीय तहको निर्वाचन इमान्दारी, जिम्मेवारी र जवाफदेहीरूपमा सम्पन्न गराउन नियोकले निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवारलगायत सरोकार भएका सबैमा आह्वान गरेको छ।

नियोकले सात प्रदेशका ७७ वटै जिल्लामा एक हजार ३०० पर्यवेक्षक खटाउने भएको छ। पर्यवेक्षकका लागि प्रशिक्षण र परिचयपत्र उपलब्ध गराउनेलगायत तयारी अन्तिम चरणमा पुगेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

नियोकले मङ्गलबार राति १२ बजेदेखि सुरु भएको मौन अवधिको पनि पर्यवेक्षण देशभर भइरहेको जनाएको छ। निर्वाचनसम्बन्धी अन्य क्रियाकलापको पनि पर्यवेक्षकले सूक्ष्मरूपमा पर्यवेक्षण एवं विश्लेषण गरिरहेको जनाइएको छ।

# नौ महिनामा सात खर्ब २४ अर्ब विप्रेषण भित्रियो

काठमाडौँ, २८ वैशाख (रासस)।

चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा रु सात खर्ब २४ अर्ब ७४ करोड बराबरको विप्रेषण स्वदेश भित्रिएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको चालु आवको नौ महिनाको विवरणमा विप्रेषण आप्रवाह ०.६ प्रतिशतले कमी आएको छ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.२ प्रतिशतले कमी आई छ अर्ब पाँच करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३.१ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या उल्लेख्यरुपमा वृद्धि भई दुई लाख ५६ हजार ३१ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ७४.९ प्रतिशतले घटेको थियो।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा १९९.९ प्रतिशतले वृद्धि भई दुई लाख छ हजार ६२९ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ६०.७ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा खुद ट्रान्सफर ०.७ प्रतिशतले कमी आई रु आठ खर्ब आठ अर्ब ९२ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १४.४ प्रतिशतले बढेको थियो।


## स्थानीय तह सदस्य निर्वाचन, २०७९

मतदान हुने मिति: वैशाख ३० गते शुक्रबार
मतदानको समय: बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

### राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठनले पालना गर्नुपर्ने आचरण

**जुलुस, आमसभा, कोणसभा बैठक एवम् भेला गर्दा पालना गर्नुपर्ने आचरण** : राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठनले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला एवम् निर्वाचन प्रचार प्रसार सम्बन्धी कार्य गर्दा देहायका आचरण पालना गर्नु पर्नेछ :

(क) जुलुस, आमसभा, कोणसभा बैठक एवम् भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,

(ख) स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा बैठक एवम् भेला गर्न नहुने,

(ग) जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा बहत्तर घण्टा अगावै जानकारी गराउनु पर्ने,

(घ) जुलुस वा आमसभामा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,
तर उम्मेदवारले ए फोर साइजको कागजमा आफ्नो व्यक्तिगत पहिचान (बायोडाटा) को विवरण खुलाई वितरण गर्न बाधा पर्ने छैन।

(ङ) कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुर्‍याउन नहुने,

(च) एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने,

(छ) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने,

(ज) घर वा जग्गा धनीको अनुमति नलिई कसैको निजी घर वा जग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने,

(झ) कुनै क्लव, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्थालाई नगद वा जिन्सी वितरण गर्न अनुदान वा आर्थिक सहायता, चन्दा, पुरस्कार दिन वा दिने घोषणा गर्न नहुने,

(ञ) जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा प्रचार प्रसारका कार्यक्रम गर्दा बिहान आठ बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नु पर्ने, तर कातिक १ गते देखि माघ मसान्तसम्म बिहान आठ बजेदेखि साँझ पाँच बजेसम्म मात्र गर्नु पर्नेछ।

(ट) निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा अठार वर्ष उमेर पूरा नभएका बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,

(ड) उम्मेदवारको कार्यालयमा तुल (कपडा) मा बनाईएको ३x३ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स, ग्लुसाइन बोर्ड, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने,

(ढ) कुनै पनि उम्मेदवारले आफ्नो कार्यालय बाहेकका स्थानमा झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स र ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने,

(ण) अनलाइन वेब पेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न वा गराउन नहुने,

(त) दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने,

(थ) कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाईकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने,

(द) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न वा गराउन मुद्रण नहुने,

(ध) कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न या गराउन नहुने,

(न) उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने,

(प) कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने।

नेपाल सरकार
विज्ञापन बोर्ड






## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*